# नारायणगोपाल र बँदेलको मासु

*किशोर नेपाल*

बँदेलको मासु त प्रतीक मात्रै हो । नारायणगोपालका मनपर्ने खानेकुराहरू प्रशस्तै थिए । मधुमेहबाट पीडित भै सकेपछि पनि ताजा गुँदपाक र न्यूरोडको पुष्टकारी खान उनी कहिल्यै डराएनन् । उनी मृत्युसँग पनि डराएनन् । नेपाली स्वर र सङ्गीतका सम्राट् नारायण गोपाल यस्तै थिए । स्वर र सङ्गीतको माध्यमबाट उनी समाजलाई चुनौति दिन्थे । मानिसको सर्वाधिक व्यक्तिगत अनुभूति प्रेमलाई पनि चुनौति दिन्थे ( नारायणगोपाल ।

“तिमीले भनेका सारा देव छोएर किरिया खान म कहाँ सक्छु र” विश्वम्भर प्याकुरेलका यी शव्दहरूलाई नारायणगोपालले भावको जुन विस्तार दिएका छन् त्यो आफैँमा उल्लेखनीय छ । अरु जे सुकै पनि गर्न तयार हुने तर देवताहरूलाई छोएर किरियाखान इन्कारगर्ने प्रेमको उद्बोधभित्रको विद्रोहलाई नारायणगोपालले जसरी आफ्ना स्वरहरूको माध्यमबाट सजाएका छन् त्यस्तो प्रयोग नेपाली सङ्गीतमा फेरि भएको छैन ।

मीतज्यू नाइटताकाको सक्रिय गायक नारायणगोपाल पछिल्लो चरणसम्म पनि शिथिल भएनन् तर उनी चूजी भए । उनलाई गीत गाउन त्यतिबेला निकै कठिन हुन्थ्यो जतिवेला शव्दहरूको संयोजन नमिलेका गीतहरू गाउनु पर्दथ्यो । त्यसैले उनी चूजी भएका थिए र गीतकारहरू उनको स्तरको गीत लेख्न मेहनत गर्दथे । विश्वम्भरले त धेरै गीत लेखेन तर कालीप्रसाद रिजाल, दिनेश अधिकारी र नीर शाहहरूले पनि गीत धेरै लेखेनन् । जति लेखे ती सबै अमर भए ।

नारायणगोपाल र विश्वम्भरको सम्बन्ध गीतहरूमा मात्र सीमित थिएन । उनीहरू एक आपसमा रमाउँथे । पिउने र पिलाउने कलामा दुवै घाघडान थिए । यी दुई घाघडानहरूको बीचमा अरु साथीहरू पनि मिसिन्थे । नारायणगोपाल खाने पिउने कुराका शोखिन थिए । भाउजु पेमला घरमा नहुनु भएका बेला उनी बँदेलको मासु साँध्थे र साथीहरूलाई निम्तो दिन्थे । उनको मूड चलेको बेला उनी फोन गर्दथे र भन्दथे, बँदेलको मासुको अचार खाने हो ? त्यहाँ केही भए लिएर आउनु है । केही साथीहरूका बीच निकै चल्तीको साङ्केतिक शव्द थियो । त्यति भनेपछि कुरा राम्रोसँग बुझिन्थ्यो । त्यसपछि अपरान्हदेखि नै वातावरण कहिले रोमान्टिक हुन्थ्यो र कहिले चाहीं उदास हुन्थ्यो । दुवै परिस्थितिमा खानेकुरा चाहिँ निकै स्वादिलो हुन्थ्यो । बँदेलको मासुको साना साना टुक्राहरूलाई रहरलाग्दो गरी साँधेर त्यसलाई मेथीले झानेको हुन्थ्यो । नारायणगोपाल आफूभन्दा पनि अरुलाई खुवाउन मन पराउँथे । खाँदा निकै कम गफगर्ने र केही गुनगुनाए जस्तो गरी रहने उनको वानी थियो ।

“पोखिएर घामको झुल्का भइ सँघारमा<br>
तिम्रो जिन्दगीको ढोका खोलुँ खोलुँ लाग्छ”

नारायणगोपाललाई मनपर्ने केही गीतहरूमध्ये एउटा यो गीत थियो ( हरेकको ओठमा झुण्डिएको गीत । हरिभक्त कटुवालका यी शव्दहरू गुनगुनाउँदा गुनगुनाउँदै साज पत्ता लागेको थियो होला शायद । नारायणले धून र लयहरूको निर्माण कसरी हुन्छ भन्ने कुराको व्याख्या कहिल्यै गरेनन् । “कसरी बन्दछ म आफैलाई थाहा छैन तर बन्दछ त्यति थाह छ” एकपटक अन्तर्वार्तामा उनले बताएका थिए । स्वरसँग सङ्गीतको सम्मिश्रणले कुनै पनि गीत लोकप्रिय हुने मान्यताका विपरीत नारायणगोपालका स्वरहरू नै कुनै पनि गीतको लोकप्रियताको आधार बन्यो । उनको वाणीमा सरस्वतीको वास थियो, छलहीन र पवित्र ।

नारायणगोपाल कहिलेदेखि गम्भीर रूपले बिरामी भए भन्ने कुरा पेमला भाउजु विश्वम्भर र उनका केही निकट मित्रहरूलाई मात्रै थाहा थियो होला । पीडाको उपल्लो चरणमा रहँदा पनि उनको अनुहारमा पीडा कहिल्यै प्रतिविम्वित भएन । उपचारको सिलसिलामा नारायण मद्रासको अपोलो अस्पताल पनि पुगे तर वास्तवमा उनी निकै बिरामी भएको कुरा उनका शुभचिन्तकहरूलाई धेरै पछिमात्र थाहा भयो ।

विचित्रका ज्ञानी पुरुष थिए नारायण गोपाल । आधुनिक र शास्त्रीय सङ्गीतको गहिरो समझ थियो उनमा । उनी साथीभाइहरूसँग हलुका कुराहरू पनि गर्न रुचाउँथे । जीवनलाई सकेसम्म तनाव रहित बाँच्ने प्रयासमा हुन्थे उनी । विश्वम्भर प्याकुरेल आफ्नो स्मृतिबाट धेरै सम्झनाका क्षणहरू झिक्दै भन्दछ ( उ त मर्ने कुरामा पनि गम्भीर थिएन । वास्तवमा नै नारायणगोपालको अवसान यति छिटै र त्यति कम उमेरमा होला भन्ने कसैलाई पनि लागेको थिएन । विश्वम्भरले अचानक खवरगऱ्यो, नारायणगोपाललाई वीर अस्पतालमा राखिएको छ ( इन्टेन्सिभ केयर यूनिटमा । खवर पाउने वित्तिकै केही महिना अघिको सम्झना भयो, नारायणगोपालले साँधेको बँदेलको मासु । नारायणगोपालले जीवनमा कसैलाई झुक्याएनन् । कसैको पनि चित्त दुखाएनन् तर अन्तिम बेलामा भने सबैलाई झुक्याइ दिए । उनले कसैलाई खवर नै नदिई आफ्नो अनन्त यात्राको प्रारम्भ गरे । जीवनका यात्राहरूमा साथ दिनेहरूको खाँचो हुँदैन । कति आफ्नै स्वार्थका लागि साथ दिन्छन् र कति साथ दिनेहरू स्वार्थ रहित हुन्छन् तर एउटा यात्रा, अन्तिम यात्रा आफैँले, एक्लै पूरा गर्नु पर्दछ । यो यात्रामा कसैले चाहेर पनि साथ दिन सकिँदैन ।

त्यतिखेर, झण्डै रुँदै रुँदै विश्वम्भरले खवर गरेको थियो, यार, उ त गयो । खवर सुन्ने वित्तिकै मेरो हातमा रहेको कलमले लेख्यो, स्वरसम्राट् नारायणगोपाल रहेनन् । यो समाचारको शिर्षक थियो र त्यसलाई व्यानर हेडलाइन बनाउन अक्षरको साइजको खोजी हुनथाल्यो । त्यो हेडलाइनमा बँदेलको मासुको प्रसङ्ग अटाउने ठाउँ थिएन । किनभने, त्यो प्रसङ्ग नारायण दाइले टुङ्ग्याउनै दिएनन् ।